# मर्चवारी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रायपुर, रुपन्देही

मर्चवारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रायपुर,रुपन्देही
लुम्बिनी प्रदेश नेपाल

## निजि जग्गाको माटो उत्खनन् तथा ओसारपसार सम्बन्धी कार्यविधि,२०८०

आ.व. २०८०/८१

CamScanner

**कार्यविधिको नामः निजि जग्गाको माटो उत्खनन् तथा ओसारपसार सम्बन्धी कार्यविधि, २०८०**

**प्रस्तावनाः** स्थानीय स्तरको विकास निर्माणको लागि माटोको सहज आपूर्ति गर्ने, सतह नमिलेको खेतियोग्य जग्गाको सतह मिलाउने, पोखरी निर्माण गर्दा बढी भएको माटो बिक्री वितरण गर्ने लगायतका कार्यहरुलाई व्यवस्थित र नियमित गर्न वाञ्छनिय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा लुम्बिनी प्रदेश सरकारको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को परिच्छेद ३ दफा ४ उपदफा १ ले दिएको अधिकार तथा मार्गनिर्देशन अनुसार मर्चवारी गाउँपालिका रुपन्देहीले निजि जग्गाको माटो उत्खन्न तथा ओसारपसार सम्बन्धी कार्यविधि, २०८० तयार गरि लागु गरिएको छ ।

## खण्ड १

## निजी जग्गाको माटो उत्खनन् सम्बन्धी व्यवस्था

**१. अनुमति नलिइ उत्खन्न कार्य गर्न नहुनेः**

यस गाउँपालिका भित्रका निजी जग्गाको माटो उत्खनन् तथा ओसारपसार गर्न यस गाउँपालिकाको अनुमति नलिई उक्त कार्य गर्न गराउन पाइने छैन ।

**२. उत्खनन् अनुमति पत्रको प्रकृयाः**

क) निजी जग्गाको माटो उत्खनन् तथा ओसारपसार गर्न चाहने व्यक्ति वा संस्थाले आवश्यक कागजात सहित सम्वन्धित वडा कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

ख) सम्वन्धित वडाध्यक्षले स्थलगत अवलोकन गरी साँधियारहरु समेतको उपस्थितीमा सर्जमिन गरी मुचुल्का तयार पारी मुचुल्का सहित गाउँपालिकामा पठाउनुपर्नेछ ।

ग) सम्वन्धित वडाको वडाध्यक्षले सम्वन्धित वडा कार्यालयका प्राविधिक कर्मचारीको सहयोगमा उत्खनन् गर्न चाहेको वा उत्खनन् हुनसक्ने परिमाण एकिन गरि सिफारिस गर्नुपर्नेछ ।

घ) यसरी वडाध्यक्षवाट उत्खनन् गर्न सकिने परिमाण सहित सिफारिस प्राप्त भई आए पछि गाउँपालिका/वडा कार्यालयले नियमानुसारको राजश्व लिई अनुसूची १ को ढाँचामा उत्खनन् तथा ओसारपसार गर्ने अनुमित दिनेछ ।

ङ) उत्खनन् अनुमतिपत्र प्रदान गर्दा उत्खनन् गर्ने जग्गाको क्षेत्रफल, अनुमति दिएको अनुमानित परिमाण, ढुवानीका साधनको नं. उत्खनन् गरि ढुवानी गर्ने अवधि ढुवानी गरि लैजाने स्थान स्पष्ट रुपमा लेखिदिनु पर्नेछ ।

**३. निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजपत्रहरुः**

[illegible] प्रसाद बराई
गाउँपालिका अध्यक्ष

क) सम्बन्धित वडाध्यक्षले स्थलगत अवलोकन गरी साँधियारहरु समेतको उपस्थितीमा सर्जमिन गरी तयार गरेको प्रतिलिपि

मर्चवारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रायपुर, रुपन्देही लुम्बिनी प्रदेश

४. उत्खनन् मापदण्ड तथा पालन गर्नुपर्ने शर्तहरुः

क) सार्वजनिक जग्गा, वस्ती, बाटो, स्कुल, मन्दिर, नदी, ताल, पोखरी, आदि क्षेत्रको २०० मिटर वरपर तथा सार्वजनिक जग्गाबाट माटो उत्खनन् गर्न पाइने छैन । सार्वजनिक स्थानको माटो उत्खनन् गर्दा मर्चवारी गाउँपलिकाअनुगमन समिति/वडा समितिको अनिवार्य समन्वयमा मात्र गर्न पाईनेछ ।

ख) गाउँपालिकाको अनुगमन समिति/वडा समितिले उत्खनन् र ओसारपसार सम्वन्धमा आवश्यक निर्देशन दिन सक्नेछ । उत्खनन् गर्ने पक्षले अनुगमन समितिले दिएको निर्देशन पालना गर्नुपर्ने छ ।

ग) मापदण्ड विपरित कार्य गरेमा समितिले उत्खनन् कार्यमा रोक लगाई उत्खनन् तथा ढुवानी कार्यमा प्रयोग भएका साधन नियन्त्रणमा लिन सक्नेछ ।

घ) खेतको सतह मिलाउने प्रयोजनको लागि उत्खनन गरेको भएमा साँधियारहरुको खेतको सतहको प्रतिकुल हुने गरि उत्खनन् गर्न पाईने छैन ।

ङ) माटो उत्खनन गर्दा ३ फिट भन्दा वढी गहिरो हुने गरी उत्खनन् गर्न पाइने छैन ।

च) उत्खनन् गर्ने कार्य दिनको समयमा मात्र गर्नुपर्नेछ ।

छ) माटो उत्खनन् तथा ओसारपसार गर्दा अनुसूचि १ र अनुसूचि २ बमोजिमको अनुमति पत्र साथमा राख्नु पर्नेछ ।

ज) उत्खनन् कार्य समाप्त भए पछि जुन उद्देश्यका लागि उत्खनन् गरिएको हो सो उद्देश्य अनुरुपको कार्य प्रारम्भ गर्नुपर्नेछ ।

झ) नीजि जग्गामा उत्खनन् गर्दा छेउछाउमा रहेका सार्वजनिक, सरकारी, पर्ति तथा वन क्षेत्रको जग्गामा उत्खनन् गर्न पाईने छैन ।

ञ) पोखरी खन्ने क्रममा माटो वाहेकका नदीजन्य पदार्थ मिस्कट, वालुवा, गिट्टी आदि निस्केमा तत्काल उत्खनन् कार्य वन्द गरी गाउँपालिकालाई सोको जानकारी दिनुपर्नेछ ।

## खण्ड २

## माछा पोखरी उत्खनन् सम्वन्धी व्यवस्था

१. अनुमति लिनुपर्ने

यस गाउँपालिका भित्र निजि जग्गामा माछापोखरी खन्नका लागि यस गाउँपालिका/वडा कार्यालय को अनुमति लिनुपर्नेछ।

गया प्रसाद बरई
गाउँपालिका अध्यक्ष

२. उत्खनन् अनुमति पत्रको प्रकृयाः

क) माछापोखरी खन्न चाहेन व्यक्ति वा संस्थाले आवश्यक कागजात सहित सम्वन्धित वडा कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ ।

ख) अनुमतिका लागि पेश गर्दा पोखरी खन्दा निस्केको माटो त्यही पोखरी वरिपरि व्यवस्थापन गर्ने हो वा बढी माटो बेचबिखन गर्ने हो पत्रमा उल्लेख गर्नुपर्नेछ ।

ग) यदि बढी माटो बेचबिखन गर्ने हो भने सोको अनुमानित परिमाण समेत निवेदनमा एकीन गर्नुपर्नेछ ।

घ) यसरी प्राप्त निवेदनमा सम्वन्धित वडाध्यक्षले स्थलगत अवलोकन गरी सँधियारहरु समेतको उपस्थितीमा सर्जमिन गरी मुचुल्का तयार पारि गाउँपालिकामा पठाउनु पर्नेछ ।

ङ) गाउँपालिका/वडा कार्यालयले पोखरी बनाई बढी हुन सक्ने माटो ओसारपसारका लागि राजश्व तिरेर अनुमति लिनुपर्ने शर्त सहित पोखरी खन्ने कार्यको लागि अनुमति दिनेछ ।

च) पोखरी खन्ने ब्यक्तिले पोखरी निर्माण पश्चात वढी हुने माटो ओसारपसारको लागि गाउँपालिका/वडा कार्यालयमा पुन अनुमति माग गर्नुपर्नेछ ।

छ) पोखरी खन्ने क्रममा माटो वाहेकका नदीजन्य पदार्थ मिस्कट, वालुवा, गिट्टी आदि निस्केमा तत्काल उत्खनन् कार्य बन्द गरी गाउँपालिका/वडालाई सोको जानकारी दिनुपर्नेछ ।

ज) सम्वन्धित वडाको वडाध्यक्षले सम्वन्धित वडा कार्यालयका प्राविधिक कर्मचारीको सहयोगमा पोखरी वनाई वढी भएको माटोको नापजाँच गरि परिमाण एकीन गरि सिफारिस गर्नुपर्नेछ ।

झ) यसरी वडाध्यक्षबाट उत्खनन् गर्न सकिने परिमाण सहितको सिफारिस प्राप्त भई आए पछि गाउँपालिका/वडा कार्यालयले नियमानुसारको राजश्व लिई अनुसूची १ को ढाँचामा ओसारपसार गर्ने अनुमति दिनेछ ।

ञ) ओसारपसार अनुमतिपत्र प्रदान गर्दा ओसारपसार गर्ने माटोको अनुमानित परिमाण, ढुवानीका साधनाको साधनाको नं. ढुवानी गर्ने अवधि, ढुवानी गरि लैजाने स्थान स्पष्ट रुपमा लेखिदिनुपर्नेछ ।

३. निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजपत्रहरु

क) उत्खनन् हुने जग्गको जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि

ख) उत्खनन् हुने जग्गाको ब्लु प्रिन्ट वा नापी नक्सा

ग) जग्गाधनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि

घ) मत्स्यजोन कार्यालय रुपन्देहीको सिफारिस पत्र वा गाउँपालिकाको कृषि विकास शाखाको सिफारिस पत्र ।

गंगा प्रसाद बरई
गाउँपालिका अध्यक्ष

४. पोखरी निर्माण मापदण्ड

क) बस्ती, बाटो, स्कुल, मन्दिर नदी पोखरी आदिबाट ३०० मिटर वरिपरि क्षेत्र वरपर पोखरी खान्न पाईनेछैन ।

ख) मापदण्ड विपरित कार्य गरेमा अनुगमन समितिले उत्खनन् कार्य रोक लगाई उत्खनन् तथा ढुवानी कार्यमा प्रयोग भएका साधन नियन्त्रणमा लिन सक्नेछ ।

ग) माछापोखरीको निर्माण गर्दा पोखरीको गहिराई बढीमा ६ फुट भन्दा बढी हुनेछैन ।

घ) साँधबाट कम्तिमा १.५ मिटर छाडेर मात्र पोखरी खन्नुपर्नेछ।

ङ) उत्खनन् गर्ने कार्य दिनको समयमा मात्र गर्नुपर्नेछ ।

च) गा.पा./वडा स्तरीय अनुगमन समितिले उत्खनन् र ओसारपसार सम्वन्धमा आवश्यक निर्देशन पालना गर्नुपर्नेछ ।

छ) उत्खनन् गर्नुपरेमा गा.पा./वडा स्तरीय अनुगमन समितिले सो क्षेत्रको स्थलगत अनुगमन गरि पर्यावरणीय तथा नदी सुरक्षाको दृष्टिले उत्खनन् गर्न दिन सकिने वा नसकिने विषयमा सिफारिस गरेपछि सकिने भएमा मात्र उत्खनन् अनुमति दिन सकिनेछ ।

## खण्ड ३

## उत्खनन् तथा ढुवानी गर्ने सवारी साधनको दर्तासम्बन्धी व्यवस्था

**१. गाउँपालिकामा सुचीकृत हुनुपर्ने**

क) निजी जग्गाबाट उत्खनन् तथा ढुवानी गर्न चाहने सवारी धनीले राजश्व बुझाई गाउँपालिका कार्यालयबाट तोकिएको चालु.आ.व.का लागि सवारी साधन सुचीकृत गरी अनुमति लिनुपर्नेछ

**२. सुचीकृत सम्बन्धी प्रक्रिया**

क) सुचीकृत हुनको लागि लागि आफ्नो सवारीको साधनको कागजातहरुको फोटोकपी सहित निवेदन पेश गर्नुपर्नेछ ।

ख) गाउँपालिका कार्यालयले कागजपत्रको जाँचबुझ गरी अनुसूची २ वमोजिमको ढाँचामा सवारी साधन दर्ता/सुचीकृत गरी उत्खनन् र ढुवानीको लागि अनुमति दिनुपर्नेछ ।

**३.ढुवानी गर्ने सवारी साधनले त्रिपालले राम्रोसँग छोपेर र धुलो नउडाइकन ओसारपसार गर्नुपर्नेछ ।**

## खण्ड ४

## राजश्व सम्बन्धी व्यवस्था

१. निजी जग्गा वा पोखरीको माटो उत्खनन् तथा ओसारपसार गर्नका लागि देहाय वमोजिम राजश्व बुझाउनुपर्नेछ ।

गया प्रसाद बरई
गाउँपालिका अध्यक्ष

क) उत्खन्न माटो परिमाणको    प्रति घन फुट रु. ०.२५ (पच्चीस पैसा मात्र)।—(बिक्री प्रयोजन)

प्रति घन फुट निशुल्क —(आफ्नो जग्गाबाट आफ्नै जग्गा पालिका भित्र)

प्रति घन फुट रु. ०.१०(पच्चीस पैसा मात्र)।—(आफ्नो जग्गाबाट आफ्नै जग्गा प्रयोजन-अन्य पालिका)

घ)सवारी साधन दर्ता तथा वार्षिक नविकरण    ट्र्याक्टर वार्षिक रु २००।—

ट्रक/टिपर वार्षिक रु ५००।—

स्काभेटर/जेसिवी वार्षिक रु १५००।—

## खण्ड ५
## दण्ड जारिवाना सम्बन्धी व्यवस्था

१. यस कार्यविधि बमोजिम अनुमति नलिई कसैले निजी जग्गाको माटो तथा नदीजन्य पदार्थ उत्खनन् ओसारपसार तथा माछापोखरी निर्माण सम्बन्धी कार्य गरे वा गराएको पाइएमा यस कार्यालयले उत्खनन् तथा ओसारपसार कार्यमा प्रयोग भएका सवारी साधन र सामग्री नियन्त्रणमा लिई प्रत्येक पटकका लागि देहाय बमोजिम जरिवाना लिएर मात्र सवारी साधन छाड्नेछ ।

| | प्रथम पटक |
|---|---|
| प्रति ट्र्याक्टर | रु. १,०००— |
| प्रति ट्रक/टिप्पर | रु १,५००।— |
| प्रति जेसिवि | रु ३,०००।— |

जरिवाना रकम प्रति पटक दोब्बर हुदै जानेछ ।

## खण्ड ६
## विविध

१. यो कार्यविधिमा भएका प्रावधानहरु मर्चावारी गाउँपालिका क्षेत्रभित्र मात्र लागु हुनेछ ।

२. यदि कुनै बाटो वा नाकामा कर्मचारी नभएको खण्डमा सम्वन्धित वडा कार्यालयमा राजश्व शुल्क बुझाउन सकिनेछ ।

३. यस कार्यविधिमा उल्लेख भएका कुरा यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचालित कानून र मर्चवारी गाउँपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

गया प्रसाद बरई
गाउँपालिका अध्यक्ष

CamScanner

## अनूसूची-१

खण्ड १ को दफा २ (घ)तथा खण्ड २ को दफा २ (झ) सँग सम्बन्धित

मर्चवारी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रायपुर, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

प.सं.

च.न.

श्री जो जस सँग सम्बन्धित छ।

मिति............................

**विषय::माटो उत्खनन् गरि ढुवानी गर्ने अनुमति दिईएको ।**

प्रस्तुत विषयमा.........................................को नाममा दर्ता कायम रहेको मर्चवारी गाउँपालिका गाउँपालिका वडा नं..........कित्ता नं................को जग्गा क्षेत्रफल........।.......।........वाट देहाय बमोजिमको शर्तको अधिनमा रही माटो उत्खनन् गरि ढुवानी गर्न अनुमति दिईएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

विषय: माटो उत्खनन् गरि ढुवानी गर्ने अनुमति दिईएको ।

१.अनुमति लिने मुख्य व्यक्तिको नाम:

ठेगाना:

सम्पर्क नं.:

२. माटो उत्खनन् गर्ने जग्गाको चारैतर्फका सँधियारहरु

पूर्व तर्फ................................पश्चिम तर्फ.............................

उत्तर तर्फ.............................दक्षिण तर्फ.............................

३. उत्खनन् गरि ढुवानी गर्ने अनुमानित परिमाणः .................... घनफिट

४.राजश्व बुझाएको विवरण

क. प्राकृतिक स्रोत (माटो)को राजश्व प्रति घनफुट .... दरले रु..................

५.उत्खननमा प्रयोग हुने साधनहरु-

६. ढुवानीमा प्रयोग हुने साधनहरु-

प्रसाद
गाउँपालिका अध्यक्ष

७. ढुवानी गरि लैजाने स्थान र प्रयोग हुने मुख्य बाटो-

८. उत्खनन् र ढुवानीका लागि समयावधि: मिति ............... देखि

मर्चवारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रायपुर, [illegible]
लुम्बिनी प्रदेश [illegible]

__बोधार्थ__

नोट: ढुवानीका साधन हेरफेर गर्नुपरेमा वा ढुवानी गर्ने म्याद समाप्त भएमा यस कार्यालयलाई जानकारी गराई अनुमति लिनुपर्नेछ ।

[illegible] प्रसाद बरई
गाउँपालिका अध्यक्ष

अनूसूची-२

खण्ड ३ को दफा २(ख) सँग सम्वन्धित एवम खण्ड ३ को दफा २ (ख) सँग सम्वन्धित

मर्चवारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रायपुर, रुपन्देही

लुम्विनी प्रदेश

मर्चवारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रायपुर, रुपन्देही लुम्बिनी प्रदेश नेपाल २०७३

## निजी जग्गाको माटो उत्खनन् तथा ओसारपसार अनुमति पत्र

यस कार्यालयको **"निजी जग्गाको माटो उत्खनन् तथा ओसारपसार २०८०"** कार्यविधि वमोजिम तपाईलाई निम्न बमोजिमको शर्त पालन गर्ने गरी निजी जग्गाको माटो उत्खनन् तथा ओसारपसार गर्न अनुमति प्रदान गरिएको छ।

अनुमति पत्र नं.

**अनुमति सम्बन्धि विवरण**

१. अनुमति प्रदान गरिएको साधनः

२. यान्त्रिक साधन धनीको नाम थरः

ठेगानाः जिल्ला न.पा./गा.पा

दर्ता नं. सम्पर्क नं.

३. अनुमति प्रदान गरिएको मितिः

४. अनुमति कायम रहने मितिः

५. अनुमति दिने अधिकारीको दस्तखतः

नाम थरः

पदः

| नवीकरण सम्बन्धि विवरण | | | | |
|---|---|---|---|---|
| **नवीकरण गरेको मिति** | **म्याद कायम रहने मिति** | नवीकरण दस्तुर रु. | बुझाएको नगदी र.नं. | **नवीकरण गर्ने अधिकारीको दस्तखत** |
| | | | | |
| | | | | |

गया प्रसाद वरई
गाउँपालिका अध्यक्ष

# अनुमति प्राप्त व्यक्ति/साधनले पालना गर्नुपर्ने शर्तहरु

१. यो अनुमति विशुद्ध निजि जग्गा धनी र चौकिल्लाका सधियारको सहमतिमा निजी जग्गा उत्खनन् गरी निस्कने माटो मात्र ओसारपसार गर्नका लागि प्रदान गरिएको छ । उत्खननका क्रममा भूगर्भबाट माटो बाहेका अन्य वस्तु (बालुवा मिस्कट गिट्टी लगायतका अन्य खनिज पर्दाथ) निस्केमा तत्काल उत्खनन कार्य बन्द गरी मर्चवारी गाउँपालिकालाई जानकारी गराउनुपर्नेछ ।

२. यो अनुमति पत्रवालाले सार्वजनिक जग्गा, ताल, पोखरी, वन क्षेत्र, नदी प्रणाली र नदी किनारा देखि २०० मिटर, मठ मन्दिरको जग्गा र अन्य कुनै पनि प्रकारको सरकारी जग्गा उत्खनन् गर्न पाउने छैन ।

३. यो अनुमति पत्र साथमा नराखी माटो उत्खनन् तथा ओसारपसार गर्न पाईने छैन ।

४. यो अनुमति पत्र अनुसार उत्खनन् गर्दा बढिमा ३ फीट भन्दा गहिरो हुने गरी उत्खनन् गर्न पाइने छैन । सो भन्दा गहिरो उत्खनन् गर्नु पर्ने भएमा उत्खनन् गर्नुको कारण सहित जग्गा धनीको सहमति लिई मर्चवारी गाउँपालिकालाई को पूर्व स्वीकृत लिनु पर्नेछ ।

५. यो अनुमति पत्रको म्याद सकिनु पहिले नै नवीकरण गराउनु पर्नेछ । म्याद सकिएको ३० दिन भित्र नवीकरण गराएमा लाग्ने दस्तुरको १०प्रतिशत थप दस्तुर तिरी नवीकरण गराउन सकिनेछ । म्याद सकिएको ६० दिन भित्र नवीकरण गराएमा लाग्ने दस्तुरको २५ प्रतिशत र ६० दिन देखि ९० दिन सम्मलाई ५० प्रतिशत थप दस्तुर तिरी नवीकरण गराउन सकिनेछ । म्याद सकिए ९० दिन पश्चात लाग्ने दस्तुरको १०० प्रतिशत थप दस्तुर तिरी नवीकरण गराउन सकिनेछ ।

६. अनुमति उत्खनन् पत्र नलिई वा अनुमति पत्र लिएता पनि उल्लेखित शर्त पालना नगर्ने उत्खनन् तथा ओसारपसार कर्तालाई सम्मरीमाई गाउँपालिकाको निर्णय बमोजिम जरिवाना सहित थप कारवाही हुनेछ ।

७. माथि जे सुकै उल्लेख भएता पनि माटो बाहेका बालुवा मिस्कट भस्कट गिट्टी आदि उत्खनन् तथा ओसारपसार एवं विक्री वितरण गरेको पाइएमा प्रति १०० घन फिटको रु. २५०००।– का दरले जरीवाना गरि असुल उमर गरिनेछ ।

८. यस मर्चवारी गाउँपालिका भित्र दर्ता भएको जे.सी.बी./टिप्पर/टेक्टर मात्र संचालन गर्न पाइनेछ ।

९. मर्चवारी गाउँपालिकाले उल्लेखित शर्तहरु अनुगमन गर्नुका साथै यो अनुमति प्राप्तकर्ताले सम्मरीमाई गाउँपालिकाको समन्वयमा कार्य गर्नुपर्नेछ ।

**बोधार्थ**

---

नोट: ढुवानीका साधन हेरफेर गर्नुपरेमा वा ढुवानी गर्ने म्याद समाप्त भएमा यसै कार्यालयलाई जानकारी गराई अनुमति लिनुपर्नेछ ।

आज्ञाले

(झविलाल भट्टराई)

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मिति:२०८०/०८/

प्रसाद बरई
गाउँपालिका अध्यक्ष